# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

मिति: २०८२/०५/२४

### शोक बिदा सम्बन्धमा ।

२०८२ साल भाद्र २३ गते काठमाडौँ लगायत देशका विभिन्न स्थानहरूमा जेन–जी पुस्ताका नेपाली युवाहरूद्वारा आयोजित शान्तिपूर्ण आन्दोलनका क्रममा घटित दुःखद घटनाप्रति दक्षिणकाली नगरपालिका गहिरो शोक व्यक्त गर्दछ। उक्त घटनामा परी अमूल्य ज्यान गुमाउने सम्पूर्ण दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ।

यसै सन्दर्भमा नगर प्रमुख स्तरीय निर्णय अनुसार २०८२ साल भाद्र २४, २५ र २६ गते समेत गरी तिन दिन दक्षिणकाली नगरपालिकाको कार्यालय सहित नगर भित्रका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू (आकस्मिक सेवा बाहेक) तथा सम्पूर्ण शैक्षिक संस्थामा शोक बिदा दिने निर्णय गरिएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

...........................
मोहन बस्नेत
नगर प्रमुख